साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

०९७६२५१३७
०९७६२५१७६
०९७६२५१७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

# कार्यपालिका निर्णयहरु सार्वजनिकरण

**आ.व.**२०८०/८१ **बैठक मिति:** २०८०/०५/३१
**बैठक नं.** ३ **समय:** मध्यान्ह १२: ०० बजे

प्रस्तावहरुः

१. निमित्त प्रमुख प्रशासकीय अधिकृत तोकी पठाउने सम्बन्धमा।
२. आ.व. २०७९/०८० को सार्वजनिक सुनुवाई सम्बन्धमा ।
३. विविध
   क. नवनियुक्त नगर शिक्षकको पदस्थापना सम्बन्धमा ।
   ख. कर्मचारी भर्ना विज्ञापन सम्बन्धमा ।
   ग. प्राथमिक तह रिक्त दरबन्दी मिलान सम्बन्धमा ।
   घ. बजेट व्यवस्थापन गर्ने सम्बन्धमा ।
   ङ. सुर्यदय र जाल्पादेवी आ.वि. साँफेबगर न.पा. १३, २ कोठे भवन निर्माण योजनाको नाम परिवर्तन गर्ने सम्बन्धमा।
   च. तुका मा.वि. खानेपानी तथा शौचालय निर्माण साँफेबगर न.पा. १२ अछाम योजनाको नाम परिवर्तन गर्ने सम्बन्धमा।

निर्णयहरुः

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री डुबिन्द्र प्रसाद बराल मिति २०८०/०५/०१ को मन्त्रालयको निर्णय अनुसार सरुवा भई जानु भएकोले नगरपालिकाको खाता सञ्चालन हुन नसकी आर्थिक कारोबार ठप्प हुन गएकोमा अर्को व्यवस्था नभएसम्मका लागि यस नगरपालिकामा विगत लामो समय देखि निमित्त प्रमुख प्रशासकीय अधिकृत भई कामकाज गर्दै आउनुभएका लेखा अधिकृत (सातौं) कर्मचारी संकेत नं. २०७८६६ लाई पुनः निमित्त प्रमुख प्रशासकीय अधिकृत तोकी यस नगरपालिकाको दैनिक कामकाज सञ्चालनमा सहजता ल्याउनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आ.व. २०७९/०८० को सार्वजनिक सुनुवाई यही मिति २०८० साल असोज १५ गतेका दिन सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ विविध (क) माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको स्वीकृत नगर शिक्षक पदका लागि मिति २०८०/०५/०६ गतेको प्रकाशित विज्ञापन तथा मिति २०८०/०५/३० गतेको नगर शिक्षक छनौट समितिले लिएको सबै चरणको परीक्षाबाट सफल उम्मेदवारहरुलाई नगर शिक्षकमा नियुक्ति तथा पदस्थापनाको लागि सिफारिस गरे बमोजिम नवनियुक्त नगर शिक्षकहरुको तपसिल बमोजिमका विद्यालयहरुमा पदस्थापना गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**साँफेबगर नगरपालिका**
# नगर कार्यपालिकाको कार्यालय
**साँफेबगर, अछाम**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

०९७६२५११३७
०९७६२५१७६
०९७६२५१७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

तपसिलः

| माध्यमिक तह | शिक्षकको नामथर | विषय | पदस्थापना गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|
| | भुविन्द्र बहादुर सिंह | नेपाली | श्री हंशबाहिनी माध्यमिक विद्यालय सा.न.पा. ११ | |
| | नरेश बहादुर थापा | विज्ञान | श्री कालिका मा.वि. सा.न.पा १४ | |
| **आधारभूत तह** | **शिक्षकको नामथर** | **विषय** | **पदस्थापना गरिएको विद्यालय** | |
| | इन्दु बुढा | गणित/विज्ञान | श्री भगवति आवि सा.न.पा ४ | |
| | हिमाल विश्वकर्मा | गणित/विज्ञान | श्री जनकल्याण मा.वि. सा.न.पा ४ | |
| **आधारभूत तह** | **शिक्षकको नामथर** | **विषय** | | |
| | जानकी कुमारी ठकुरी शाह | सामाजिक | श्री सरस्वति आ.वि. सा.न.पा. २ | |
| **आधारभूत तह** | **शिक्षकको नामथर** | **विषय** | | |
| | सुनिल बहादुर भूल | अङ्ग्रेजी | श्री सुर्यचन्द्र मा.वि. सा.न.पा. १ | |
| | कौशिला ओली (कडायत) | अङ्ग्रेजी | श्री तुका मा.वि. सा.न.पा १२ | |

**निर्णय नं. ४**

प्रस्ताव नं. ३ विविध (ख) माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको स्वीकृत नगर शिक्षक पदमा आधारभूत तहको गणित विज्ञान/सामाजिक विषयको केही पदहरु रिक्त रहेको र यस नगरपालिका अन्तर्गत ८ र ९ नं. वडा कार्यालयमा कार्यालय सहयोगी पद रिक्त रहेकोले पदपूर्तीको लागि अविलम्ब विज्ञापन प्रकिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ३ विविध (ग) माथी छलफल गर्दा सा.न.पा वडा न. ६ मा रहेको श्री चन्द्रोदय आधारभूत विद्यालयको प्राथमिक तहमा रिक्त रहेको दरबन्दीलाई सा.न.पा. वडा न. १ मा अवस्थित श्री सुर्यचन्द्र माध्यमिक विद्यालयमा दरबन्दी मिलान गरी उक्त विद्यालयमा कायम गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ३ विविध (घ) माथी छलफल गर्दा सा.न.पा वडा न. ३ मा रहेको श्री प्रभा धम्कोट माध्यमिक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्न श्री भारतीय राजदुतावास मार्फत Government of India, High Impact Community Development Project, (HICDPS) in Nepal को २० प्रतिशत जनश्रमदान गर्ने मापदण्ड अनुसार बजेट व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ३ विविध (ङ) माथी छलफल गर्दा यस साँफेबगर न.पा. वडा नं. १३ स्थित श्री सुर्यदय आ.वि. सोही वडा स्थित जाल्पादेवी आ.वि.मा समायोजन भएकोले सामाजिक विकास कार्यालय अछामको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत रहेको सुर्यदय र जाल्पादेवी आ.वि. २ कोठे भवन निर्माण योजनाको नाम परिवर्तन गरी जाल्पादेवी आ.वि. २ कोठे भवन निर्माण योजना साँफेबगर न.पा. १३ अछाम कायम गर्नको लागि सामाजिक विकास कार्यालय मंगलसेन अछाममा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

०९७६२५१३७
०९७६२५१७६
०९७६२५१७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

**निर्णय नं. ८**

प्रस्ताव नं. ३ विविध (च) माथी छलफल गर्दा सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत रहेको तुका मा.वि. खानेपानी तथा शौचालय निर्माण साँफेबगर न.पा. १२ अछाम (शीर्षक नं. ११.४.२२.८०९) योजना को नाम परिवर्तन गरी तुका मा.वि. खेलमैदान निर्माण साँफेबगर न.पा. १२ अछाम कायम गर्नको लागि सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय धनगढी कैलालीमा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

# साँफेबगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## साँफेबगर, अछाम
## सुदूरपश्चिम प्रदेश, नेपाल


०९७६२५१३७
०९७६२५१७६
०९७६२५१७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२